# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) विराटनगर, नेपाल, असोज १० गते, २०८१ साल (अतिरिक्ताङ्क २२

## भाग २

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

<u>विदेशी पर्यटक सवारी साधनको अस्थायी रुट परमिट सम्बन्धी</u>

<u>नियमावली, २०८१</u>

<u>प्रस्तावना</u>: प्रदेशभित्र पर्यटन प्रयोजनका लागि आउने विदेशमा दर्ता भएका सवारी साधनहरूको आवत जावतलाई सरल, सहज र व्यवस्थित गर्न प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा १८० ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायको नियमावली बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस नियमावलीको नाम **"विदेशी पर्यटक सवारी साधनको अस्थायी रुट परमिट सम्बन्धी नियमावली, २०८१"** रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले प्रदेशको सवारी दर्ता गर्ने यातायात व्यवस्था कार्यालय वा सेवा कार्यालय सम्झनु पर्दछ।

(ग) "विदेशी पर्यटक सवारी" भन्नाले प्रदेशभित्रको पर्यटकीय एवं रमणीय स्थलहरूमा घुम्न आउने विदेशी पर्यटकहरू ओसारपसार गर्न यान्त्रिक शक्तिबाट सडकमा चल्ने विदेशमा दर्ता भएको सवारी साधन सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्दछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ङ) "प्रवेश विन्दु" भन्नाले नेपालको सिमा स्थित भन्सारनाकाबाट नजिकै रहेको सवारीको अस्थायी रुट परमिट प्रदान गर्ने स्थान सम्झुन पर्छ ।

३. **अस्थायी रुट परमिटः** (१) विदेशमा दर्ता भएका पर्यटन सवारी नेपालभित्र प्रवेश गरी निश्चित अवधि चलाउन चाहने सवारी धनी वा व्यवस्थापकले प्रदेश आर्थिक ऐनमा विदेशी सवारी साधनको लागि तोकिएको पटके दस्तुर सहित देहायका कागजातहरू संलग्न गरी प्रवेश विन्दु नजिकको कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछः-

(क) सवारी साधनको प्रमाणपत्र (व्लुबुक),

(ख) सवारी साधनको प्रमाणपत्र नवीकरण भएको निस्सा,

(ग) सवारी बीमाको कागजात,

(घ) सवारी साधनको प्रदुषण जाँचपास,

(ङ) सवारी चालक अनुमतिपत्र,

(च) यात्रुको राष्ट्रियता खुल्ने आधिकारिक परिचयपत्र र

(छ) भन्सार जाँचपासको कागजात ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी व्यहोरा ठीक देखेमा अनुसूची-२ बमोजिमको ढाँचामा बढीमा एक महिनासम्मको अस्थायी रुट परमिट दिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

(३) उपनियम (२) बमोजिमको अवधिभन्दा बढीको अवधिको अस्थायी रुट परमिट लिनु पर्ने भएमा नजिकैको प्रवेश विन्दुबाट थप एक महिनासम्म नविकरण गर्न सकिनेछ।

(४) अस्थायी रुट परमिट लिएको पर्यटक सवारी पर्यटकीय प्रयोजन बाहेक अन्य प्रयोजनको लागि प्रयोग गर्न पाइने छैन।

(५) पर्यटक सवारी साधनको सीट क्षमताभन्दा बढी यात्रु राख्न पाइने छैन ।

४. <u>स्टिकर सम्बन्धी व्यवस्थाः</u> (१) नियम ३ बमोजिम अस्थायी रुट परमिट पाएको पर्यटक सवारीमा अनुसूची -३ बमोजिमको स्टिकर टाँस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम स्टिकरमा प्रवेश मिति, म्याद वा अवधि सकिने मिति र यात्रुको संख्या स्पष्ट खुलाउनु पर्नेछ।

५. <u>सुरक्षा जाँचः</u> (१) प्रवेश विन्दुमा पर्यटक सवारीको सुरक्षा जाँच गरिनेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरहदभित्र अन्य स्थानहरूमा पर्यटक सवारी सुरक्षा निर्देशिका बमोजिम सुरक्षा चेकजाँच गर्न सकिनेछ।

(३) उपनियम (१) वा (२) बमोजिम पर्यटक सवारीको चेकजाँच गर्दा सो सवारीमा सवार पर्यटकलाई हतोत्साहित नहुने गरी गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

६. **जरिवाना गर्न सकिनेः** (१) यस नियमावली बमोजिमको रुट परमिट नलिइ पर्यटक सवारीको प्रयोग गरेमा वा रुट परमिटमा उल्लेखित शर्त उल्लघंन गरेमा त्यस्ता पर्यटक सवारीलाई कार्यालयले रुट परमिट दस्तुर बराबरको जरिवाना लिनेछ ।

(२) रुट परमिटमा उल्लिखित अवधिभन्दा दुई दिनभन्दा बढी अवधिसम्म इजाजत नलिई सवारी साधन प्रयोग गरेमा रुट परमिट दस्तुर बराबर, दुई दिनभन्दा बढी सात दिनसम्म रुट परमिट इजाजत नलिई सवारी साधनको प्रयोग गरेमा रुट परमिट दस्तुर सहित सोको सत प्रतिशत जरिवाना तथा सात दिनभन्दा बढी रुट परमिटको इजाजत नलिई सवारी साधनको प्रयोग गरेमा प्रत्येक दिनको लागि रुट परमिट दस्तुर बराबरको दैनिक जरिवाना कार्यालयले लिनेछ ।

७. **वाधा अड्काउ फुकाउने**ः यो नियमावली कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ आइपरेमा मन्त्रालयले यो नियमावलीको प्रतिकुल नहुने गरी वाधा अड्काउ फुकाउन सक्नेछ।

८. **नियमावलीमा संशोधनः** यस नियमवलीमा प्रदेश सरकारले आवश्यक संशोधन गर्न सक्नेछ।

९. **बचाउः** यस नियमावली लागू हुनु अघि मन्त्रालयबाट वा मातहतका कार्यालयबाट अस्थायी रुट परमिट सम्बन्धी भए गरेका कामकारवाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-१

दरखास्तको ढाँचा

(नियम ३ सँग सम्बन्धित)

श्रीमान् कार्यालय प्रमुखज्यू,

यातायात व्यवस्था कार्यालय,

...................................................।

निम्न विवरण भएको सवारीलाई निम्न बमोजिम बाटोमा सञ्चालन गर्न अस्थायी रुट परमिट पाउनका लागि लाग्ने दस्तुर र आवश्यक प्रमाणपत्र समेत राखी दरखास्त दिएको छु/छौं। नियमानुसार अस्थायी रुट परमिट पाऊँ।

१. यातायात सेवाको नाम र ठेगान (देशको नाम सहित)

२. सवारी धनीको नाम र ठेगानाः-

३. सवारीको दर्ता नम्बर र मितिः-

४. सवारीको किसिमः-

५. सवारीको रुट परमिटको विवरणः-

६. अस्थायी रुट परमिट लिने क्षेत्रः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

७. अस्थायी रुट परमिट लिनु पर्ने कारण वा उद्देश्यः-

८. अस्थायी रुट परमिट माग गरेको अवधि .........देखि ....... सम्म

९. जाने आउने पटकः-

१०. उक्त सवारीको जाँचपास बहाल अवधिः-

११. दस्तुर रकमः-

१२. अन्य विवरणः-

दरखास्तवालको

सहीः-

नाम थरः-

ठेगानाः-

मितिः-

चालक अनुमतिपत्र नम्बर र दिने कार्यालयः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-२

अस्थायी रुट परमिटसम्बन्धी ढाँचा

(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

आन्तरिक मामिला तथा कानून मन्त्रालय

यातायात व्यवस्था कार्यालय

.......................................

अस्थायी रुट परमिट

इजाजतपत्र नम्बरः-

मितिः-

१. यातायात सेवाको नाम र ठेगानाः-

२. सवारी धनीको नाम, थर र ठेगानाः-

३. सवारी दर्ता नम्बर र मितिः-

४. सवारीको किसिमः-

५. अस्थायी रुट परमिट दिएको क्षेत्रः .......... देखि....... सम्म

६. अस्थायी रुट परमिटको अवधिः ........... देखि ........ सम्म

७. जाने आउने पटकः-

८. अस्थायी रुट परमिट लिएको दूरीः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

९. बुझाएको दस्तुर रकमः-

१०. सेवा सञ्चालनका शर्त (केही भए)

११. अन्यः-

.............................................. ..........................................................

इजाजतपत्र बुझ्नेको सही इजाजतपत्र दिने अधिकारीको सही

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

अनुसूची-३

## अस्थायी रुट परमिट पाएको पर्यटकीय सवारीमा टाँसिने स्टिकरको ढाँचा

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)




**विदेशी सवारी साधनको अस्थायी रूट इजाजत पत्र**
**तथा सुरक्षा जाँच कार्ड**
**FOREIGN VEHICLE TEMPORARY ROUTE PERMIT AND SECURITY CHECK CONFIRMATION CARD**

| | |
|---|---|
| Entry Date :- | |
| Destination :- | |
| Driver's Name :- | |
| No. of Passanger (s) | |
| Entry Point :- | |
| Exit point:- | |
| Days of Stay :- | |

| | |
|---|---|
| Province Government<br>Koshi Province, Biratnagar<br>Phone No. :- 021-536184 | Nepal Police<br>Koshi Province, Biratnagar<br>Phone No. :- 100, 9852090199 |

स्वीकृत मिति : २०८१।०६।१०

आज्ञाले,
कमल बहादुर थापा
नि. प्रदेश सचिव



प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगरमा मुद्रित।
website:- moial.koshi.gov.np